# नीलकण्ठ नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**धादिङवेसी,धादिङ**
**३ नं प्रदेश, नेपाल**

पत्र संख्या :- ०७४/०७५
चलानी नं. :-

### कार्यक्रम कार्यान्वयनको लागि निवेदन/ प्रस्ताव आब्हान सम्वन्धि सुचना !!
### (प्रकाशित मिति २०७५/०१/०५)

चालु आ.व.२०७४/७५ का लागि नीलकण्ठ नगरपालिकावाट स्वीकृत कार्यक्रम मध्ये निम्न लिखित कार्यक्रमहरु सञ्चालनका लागि आजका मितिले १५ दिन भित्र निवेदन/प्रस्ताव पेश गर्नु हुन सम्वन्धित सवैको जानकारीका लागि यो सुचना प्रकाशन गरिएको छ।

| सि.न. | कार्यक्रमको नाम | कार्यक्रमा समावेश हुने क्रियाकलापहरु | बजेट | कैफियत |
|---|---|---|---|---|
| १ | व्यवसायिक सचेतना तालिम | लघु उद्यमशीलता सचेतना ३ दिने तालिम/ सो पश्चात लघु उद्यम व्यवसाय सञ्चालन तालिमका लागी छनोट गरी थप तालिम प्रदान गरिने । | निवेदक संस्था छनौटको आधारमा विनियोजन भए वमोजिम हुनेछ। | न.पा.भित्रका इच्छुक व्यक्तिहरु वाट निवेदन पेश गर्न सकिने। |
| २ | जनजाति लक्षित कार्यक्रम | सशक्तिकरण/जीविकोपार्जन सम्वन्धि कार्यक्रम/सिप विकास सम्वन्धि कार्यक्रम | ४,०००००।- | न.पा भित्रका संघ संस्था समुदायवाट पस्ताव पेश गर्न सकिने। |
| ३ | दलित लक्षित कार्यक्रम | शसक्तिकरण/जीविकोपार्जन सम्वन्धि /परम्परागत सीप प्रर्वद्धन कार्यक्रम | ३,०००००।- | न.पा भित्रका संघ संस्था समुदायवाट प्रस्ताव पेश गर्न सकिने।। |
| ४ | मुस्लिम लक्षित कार्यक्रम | समुदायको सशक्तिकरण/ जीविकोपार्जन सम्वन्धि कार्यक्रम/ परम्परागत सीप प्रर्वद्धन | २,०००००।- | न.पा भित्रका संघ संस्था समुदायवाट प्रस्ताव पेश गर्नुहुन |
| ५ | महिला लक्षित कार्यक्रम | शसक्तिकरण/ जिविकोपार्जन सम्वन्धि/ सिप प्रवर्द्धन सम्वन्धी। | ७०००००।- | न.पा भित्रका संघ संस्था समुदायवाट प्रस्ताव पेश गर्नुहुन |
| ६ | अपाङ्ग लक्षित कार्यक्रम | शसक्तिकरण/ जिविकोपार्जन सम्वन्धि/ सिप विकास/सहयोगी साधन वितरण। | ५०००००।- | न.पा भित्रका संघ संस्था समुदायवाट प्रस्ताव पेश गर्नुहुन |
| ७ | वालमैत्री कार्यक्रम | वालवालिकाको विकास सम्वन्धि कार्यक्रम/वाल विकास कक्षा सुविधा अभिवृद्धि/फर्निचर, म्याट/ पाठ्यपुस्तक वाहेकका अन्य शैक्षिक सामाग्री। | ३,००,०००।- | न.पा भित्रका सामुदायिक विद्यालयका वालमैत्री कक्षा विकासका लागि विद्यालयहरुले प्रस्ताव पेश गर्न सकिने। |
| ८ | बाल क्लव गठन | न.पा भित्रका वालवालिकाको बाल क्लब गठन गरि बाल अधिकारका विषयमा अभिमूखिकरण तालिम। | २०००००।- | वालवालिकाको क्षेत्रमा काम गर्ने संघ संस्थावाट प्रस्ताव पेश गर्न सकिने |
| ९ | युवा लक्षित सीप विकास तालिम | ग्रामिण पशु स्वास्थ्य कार्यकर्ता तालिम। | संस्था छनौटको आधारमा विनियोजन भए वमोजिम हुनेछ। | न.पा.भित्रका इच्छुक युवाहरुले निवेदन दिन सकिने। |

# नीलकण्ठ नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**धादिङवेसी,धादिङ**
**३ नं प्रदेश, नेपाल**

पत्र संख्या :- ०७४/०७५
चलानी नं. :-

| | | | | |
|---|---|---|---|---|
| १० | लोक सेवा परिक्षा तयारी प्रशिक्षण | लोकसेवा आयोगको परिक्षामा संलग्न हुन इच्छुकहरुलाई तयारी कक्षा संचालन | २,०००००।- | न.पा. भित्रका इच्छुक उम्मेवारहरुलाई प्रशिक्षण दिन अनुमति प्राप्त दर्ता भएका संस्थाबाट प्रस्ताव पेश गर्न सकिने |
| ११ | ललिगुरास तथा लालुपाते संरक्षण कार्यक्रम | राष्टिय फुल लालिगुरास/ लालुपाते संरक्षण संर्वद्धन गर्ने कार्यक्रम | ५,०००००।- | सम्वद्ध संघसंस्था/ व्यक्तिले प्रस्ताव पेश गर्ने सकिने |
| १२ | कला,संस्कृति, साहित्य प्रवर्द्धन कार्यक्रम | कला, सस्कृति, साहित्यको प्रचार प्रसार,संरक्षण ,संवर्द्धन अध्ययन, अनुसन्धान मुलक कार्यक्रम | ५,०००००।- | सम्वद्ध विज्ञता भएकाब्यक्ती, संघसंस्था,समितिवाट प्रस्ताव पेश गर्न सकिने । |

**शर्तहरु**

१. व्यवसायिक सचेतना तालिम र युवा लक्षित सीप विकास तालिमको लागि लघु उद्यम व्यवसाय गर्न उद्यमी सोच भएका/सीप सिकि व्यवसाय गर्न इच्छुक व्यक्तिवाट यस कार्यालयलाई संवोधन गरी नागरिकताको प्रतिलिपी संलग्न गरि आफ्नो योग्यता खुलाइ निवेदन दिनु पर्ने छ । प्राप्त निवेदनको अध्ययन गरि सहभागि छनौट गरि निश्चित संख्याका निवेदकलाई सहभागि गराइने छ ।

२. लक्षित कार्यक्रमका लागि सम्वद्ध कार्यक्षेत्र भएका सम्वद्ध लक्षित वर्गका सघ संस्थाले कार्यक्रममा समेट्ने विषय, किसिम, लाभान्वित हुने समुह, संस्था, क्रियाकलाप र क्रियाकलापगत स्वीकृत नर्म्स अनुसारको वजेट सहित खामवन्दि प्रस्ताव विवरण पेश गर्नु पर्ने छ ।

३. प्रवर्द्धनात्मक कार्यक्रमलाई स्पस्ट खाका सहितको उक्त कार्यक्रम गर्न सक्ने क्षमता पुष्ट्याई हुने कागजात संलग्न गर्नु पर्ने छ ।

४. संघ संस्थाको कानुनी अस्थित्व कायम भएका कागजातको प्रतिलिपि समेत प्रस्ताव साथ संलग्न गर्नुपर्ने छ ।

५. म्याद नाघी वा रित नपुगी  परेका निवेदन/प्रस्तावहरुलाई मुल्यांकनमा समावेश गरिने छैन । कार्यक्रका लागि प्राप्त हुने प्रश्ताबलाई अध्ययन गरी एक वा वहु प्रस्ताव छनौट गर्ने अधिकार नगरपालिकामा निहित रहने छ ।

६. लक्षित र प्रवर्द्धनात्मक कार्यक्रमको प्रस्ताव पेश गर्ने प्रस्तावकले स्वीकृत हुने कार्यक्रम वजेटको २० (वीस) प्रतिशत अनिवार्य रुपमा थप साझेदारी गर्नु पर्ने छ ।

७. व्यवसाय सञ्चालन तालिम र युवा लक्षित सीप विकास तालिमका लागि छनौट भै निश्चित अवधिको तालिममा सफल हुनेलाई सम्वन्धित व्यवसाय गर्न प्रोत्साहित गरिने छ ।

८. निवेदन साथ  रु १०।- र प्रस्ताव साथ रु १००।- नगरपालिकामा दस्तुर तिरेको रसिद संलग्न गर्नु पर्ने छ ।

९. थप जानकारी आवस्यक भएमा यस कार्यालयमा  कार्यालय समय भित्र सम्पर्क गरि वा फोनवाट सम्पर्क गरी जानकारी लिन सकिने छ ।